सेन्टर फर मिडिया रिसर्च – नेपाल

छलफल पत्र

श्रृंखला नं १
असोज, २०८०

# मधेसको मौन नागरिक समाज

अजित तिवारी

जनकपुरको जनक चोक । चारैतिर बाटो रहेको जनक मन्दिरको मुख्य द्वारमा जतिबेला पनि मानिसको बाक्लै जमघट हुन्छ । भीमकाय पीपलको रूखले शितलता दिँदा बिहान, दिउँसो र साँझ त्यहाँ सुस्ताउने निकै हुन्छन् । शहरको बीचमा पर्ने जनक मन्दिरको त्यो डबली नागरिक आवाज बुलन्द गर्ने थलो पनि हो । २०४६ सालको बहुदलीय आन्दोलनपछि मन्दिरको डबली नागरिकको माग, जिज्ञासा र आक्रोश पोख्ने थलो बनेको छ ।

मधेसको अर्को ठूलो शहर वीरगन्जको घन्टाघर क्षेत्र पनि नागरिक आवाज राख्ने ठाउँ हो । घन्टाघर क्षेत्रमा आफ्ना माग, समस्या र अप्ठ्यारा पोख्न मानिसको जमघट भइरहन्छ । राजविराजको नेता चोक पनि नागरिक आवाज मुखर गर्ने थलो हो । नागरिकले आफ्नो आवाज राख्न मधेसका धेरैजसो शहरमा सार्वजनिक स्थल छन् । जहाँबाट राजनीतिक परिवर्तनका लागि आन्दोलनको उद्घोष भएको मात्रै होइन, समाज र नागरिक तहमा देखिएका विभिन्न मुद्दाको शङ्खनाद पनि भएको छ ।

राज्यसँग असन्तुष्ट रहिरहने मधेसको स्वभाव नै विद्रोही छ । राज्यको निर्णय, नीति-नियम वा व्यवहारले अन्याय परेको भान भए मधेस त्यसको विरूद्धमा उत्रँदै आएको छ । यहाँको नागरिक समाजको गतिविधि पनि राज्यसँगको द्वन्द्वबाटै सुरू भएको देखिन्छ । राजनीतिक उथलपुथलसँगै सुरू भएको मधेसको नागरिक समाजको यात्रा सामाजिक, न्यायिक, वातावरणीय र स्वच्छता अभियानसँग पनि जोडिएको देखिन्छ । जनकपुरका राजनीतिक विश्लेषक डा. विजयकुमार सिंह हरेकजसो लोकतान्त्रिक आन्दोलनमा मधेसका नागरिक जिउज्यान लगाएरै उत्रिएको बताउँछन् ।[1] डा. सिंहका अनुसार मधेसमा नागरिकका तहबाट थुप्रै विद्रोह भएका छन् तर त्यसलाई राज्यले गलत तरिकाले बुझ्दा समस्या झन् झाङ्गिएको हो ।

अरु कसैको दबाबमा नआइ साझा स्वार्थ, उद्देश्य र मान्यता बोकेका व्यक्तिहरूको निश्चित सामूहिक

१ डा. विजयकुमार सिंहद्वारा भदौ १५, २०८०, नर्थ-साउथ कलेक्टिब्सले आयोजना गरेको मधेस विमर्श शृङ्खलामा व्यक्त विचार ।

प्रयत्नलाई नागरिक समाज भन्न सकिन्छ । सिद्धान्ततः यसका संरचनात्मक स्वरूप राज्य, परिवार र बजार भन्दा पृथक हुन्छन् । परोपकारी संस्था, विकासे गैरसरकारी सङ्घ-संस्था, सामुदायिक सङ्गठन, महिला सङ्गठन, धार्मिक सङ्गठन, व्यावसायिक सङ्गठन, धार्मिक संस्था, सामाजिक आन्दोलन, व्यापारिक सङ्गठन, सहयोगी समूह र तिनका सञ्जाल, पैरवी समूह आदिलाई नागरिक समाजका सङ्गठन भन्न सकिन्छ ।[२]

नागरिक समाजको मूलभूत परिभाषा भने मधेसमा अहिले ठ्याक्कै मिल्दैन । नागरिक अगुवा विष्णु कुँवरका अनुसार अहिले नागरिक समाजलाई खासै महत्त्व दिइएको छैन । नागरिक समाज के हो ? हामी आफैँ अलमलमा छौँ ।[३] कुँवरले नागरिक तहमा उठेका आवाज नसुन्ने प्रवृत्ति बढेको बताए । 'सार्वजनिक हितका लागि नागरिक समाज हुन्छ । राज्य र जनताको बीचमा नागरिक समाजको अस्तित्व हुन्छ,' कुँवरले उक्त कार्यक्रममा भने- संविधानमा सार्वभौम अधिकार जनतामा छ भनिएको छ तर व्यवहारमा छैन ।

नागरिक समाजकै दबाबका कारण मधेसमा राजनीतिक, सामाजिक र सांस्कृतिक परिवर्तन भएका थुप्रै घटनाक्रम पनि छन् । मधेसका नागरिक समाज सचेत छन् तर एकताबद्ध नहुनु, मुद्दामा दलीय आस्था, जातीय सङ्कीर्णता, समाज र परिवारको परिबन्दले अहिले यहाँको नागरिक समाजको आवाज, दबाब र गतिविधि शिथिल देखिन्छ तर नागरिक समाजकै बलबुतामा मधेसमा धेरै परिवर्तन पनि भएको छ ।

## के थियो सिनो आन्दोलन ?

लहान-१ स्थित चमार बस्ती २०५६ चैत ९ मा घेराबन्दीमा परेको थियो। २ सय घर दलित समुदायको बसोबास रहेको बस्ती कथित 'उपल्लो जात' का व्यक्तिहरूको नाकाबन्दीमा पऱ्यो। सोही वडाको मटियर्वामा अघिल्लो दिन पाडो मरेको थियो। त्यो फाल्न गाउँलेले नजिकका चमारलाई अह्राए तर चमारहरूले सिनो फाल्दैनौँ भनेर इन्कार गरे। त्यही कारण 'उच्च जात' का भनिनेहरूले दलित बस्तीलाई घेरामा पारे।

अह्राएको नमानेको भन्दै 'उपल्लो ११ जाति' ले चमारलाई ज्याला मजदूरीमा कसैले नखटाउने, पैँचो सापट वा ऋण नदिने, लहानमा कुल्ली तथा रिक्सा ठेला चलाउने काम गर्न नदिने, बसमा टिकट काट्ने बुकिङको काम, जुत्ता चप्पल सिलाउने काम, हली, गोठाले वा कुनै फर्ममा काम गर्न नदिने, कुनै पनि पसलमा कुनै सामान किन्न नदिने, कसैको जग्गामा टेक्न नदिने जस्ता प्रतिबन्ध घोषणा गरे।

नाकाबन्दीविरूद्ध चमार समुदाय आन्दोलनमा उत्रियो। अन्य दलित समुदायले समेत आन्दोलनमा साथ दिएकाले २ साता लामो सङ्घर्षपछि नाकाबन्दी स्वतः हटेको थियो। २२ वर्षअघि नागरिक स्तरमा गरिएको त्यो विद्रोहले जातीय छुवाछूत तथा विभेदविरूद्ध सामाजिक परिवर्तनको बिगुल फुक्दै सिनो बहिष्कार मात्र गरेन, दलित एकतालाई मजबुतसमेत बनाएको थियो।

सिनो आन्दोलनले नै बलदेव रामलाई नागरिक अगुवा बनायो । वि.सं. २००० सालमा सप्तरी जिल्लाको मधुपट्टीमा जन्मिएका राम सिनो आन्दोलनपछि लामो समय दलित अधिकारको पक्षमा सङ्घर्षरत रहे । भूमि अधिकारका लागि पनि उनी सङ्घर्षको अग्रमोर्चामा उत्रिए । रामको २०७४ साउन १७ गते ७४ वर्षको उमेरमा निधन भयो । उनले २०५६ साल असारमा सप्तरीमा भएको सिनो बहिष्कार आन्दोलनको नेतृत्व गरेका थिए । बहुदल आएको १० वर्षपछिसम्म पनि सिरहा र सप्तरीका दलित भनिएका चमार जातिका मानिसले गैरदलितको घरको सिनो फाल्ने काम गर्नुपर्थ्यो ।

२ Center for Civil Society. 2005. Report on Activities July 2005-August 2006. http://eprints.lse.ac.uk/29398/1/CCSReport05_06.pdf

३ विष्णु कुँवरद्वारा भदौ १३, २०८० का दिन सिएमआर नेपालले आयोजना गरेका मधेसमा नागरिक समाजको अवस्था छलफल कार्यक्रममा व्यक्त विचार ।

## विद्रोही मरणीदेवी

एउटा समय थियो, मधेसमा दिनदिनै महिलालाई बोक्सीको बात लगाएर प्रताडना दिइन्थ्यो । महोत्तरी सिमरदहीकी मरणीदेवी त्यस्तै एउटी पात्र हुन् । उनलाई २०५८ साल साउन ३० गते बोक्सीको आरोपमा मलमूत्र मात्र खुवाइएन, मरणासन्न हुनेगरी कुटपिट पनि गरियो । निरीह मरणीदेवी त्यस घटनापछि विद्रोही बनिन् । उनीमाथि गरिएको व्यवहार समाज सुहाउँदो नभएको भन्दै नागरिक तहमै विरोध भयो । मरणीदेवी आफैं पनि साहस देखाउँदै आफूलाई दुर्व्यवहार गर्नेविरूद्ध कानुनी लडाइँमा उत्रिन ।

भारतबाट आएका एकजना झाँक्रीले गाउँमा पूजा लगाएका थिए । पूजा सकिएपछि गाउँभरिका मानिसलाई प्रसाद खान दिए तर त्यो प्रसाद खानेबित्तिकै मरणीदेवी बेहोस भइन् । मरणीदेवीले टुनामुना गरेको निहुँ पार्दै गाउँका केही व्यक्तिले उनलाई अमानवीय व्यवहार गरेका थिए । मरणीदेवीको घटनापछि मधेसमा बोक्सी भनेर यातना दिने काम कम हुँदै गयो । बोक्सी प्रथाविरूद्ध धेरै अभियान चल्यो । उनलाई मटिहानी नगरपालिकाले साहसिक महिलाको उपमा दिएको छ ।

## हरूवा/चरूवा आन्दोलन

मधेसमा खेत जोत्नेलाई हरूवा र गाईवस्तु चराउनेलाई चरूवा भनिन्छ । हरूवा बस्नेहरु अहिले २ किसिमका छन् । एउटा, वर्षभरि नै एउटै जमिनदारको घरमा काम गर्नुपर्ने र अर्को मौसमी । हरूवा/चरूवा प्रथा पूर्वी मधेसको सप्तरी, सिरहा र धनुषामा बढी छ । पूर्वी मधेस र केही पहाडी जिल्लामा करिब ९ प्रतिशत वयस्क पुरूष बँधुवा श्रमिकका रूपमा कार्यरत छन् । र, यस्तो बाध्य श्रम पहाडमा (२ प्रतिशत) छ भने मधेसमा त्यसको ५ गुणा बढी (१०.५ प्रतिशत) देखिन्छ ।[४]

सिरहा र सप्तरीका हरूवा/चरूवाहरु सङ्गठित भएर २०६० सालदेखि नै विभिन्न चरणका आन्दोलन गर्दै आइरहेका छन् । २०६५ सालयता गठन भएका सबै सरकारका प्रधानमन्त्रीसँग हरूवा/चरूवाले भेटेर आफ्ना माग राख्ने गरेका छन् । कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ मा 'कमैया श्रमिक भन्नाले भैसवार, गैवार, हरूवा भन्ने सम्झनुपर्छ' भन्ने उल्लेख छ । यो परिभाषाले हरूवा/चरूवा पनि मुक्त भएको देखिन्छ तर व्यावहारिकरूपमा यो ऐनले हरूवा/चरूवालाई छुन सकेको छैन । यही कारण मुक्तिको आन्दोलनलाई हरूवा/चरूवाले निरन्तरता दिइरहेका छन् । यस्ता थुप्रै आन्दोलन नागरिकको अगुवाइमा मधेसमा भएको हो ।

४ KC. Bal & Subedi, Givind & Suwal, Bhim Raj. 2013. Forced Labour Adults and Children in the Agriculture Sector of Nepal. ILO. https://www.ilo.org/wcmsp5/groups/public/---asia/---ro-bangkok/---ilo-kathmandu/documents/publication/wcms_217086.pdf

# शिथिल नागरिक समाज

मधेसको नागरिक समाज शिथिल बनेको छ । राजनीतिक रूपान्तरणमा अगाडि देखिने नागरिक समाज सामाजिक मुद्दामा भने प्रायः मौन देखिन्छ । मधेसमा समाजिक रूपान्तरणका थुप्रै काम हुन बाँकी छ । सामाजिक रूपान्तरणमा नागरिक समाजको खबरदारी आवश्यक हुन्छ तर यहाँको नागरिक समाज अहिले जनकपुरको जनक चोक, वीरगन्जको घन्टाघर र राजविराजको नेता चोकमा यस्ता मामिला लिएर एकताबद्ध भएर उभिएका देखिन्न । जनकपुरका नागरिक अगुवा कुँवरका अनुसार नागरिक समाजले आफ्नो अवस्था आफैँ कमजोर बनाएका छन् । 'दलीय आबद्धताले पनि नागरिक समाज कमजोर बनेको छ,' कुँवरले भने- मधेसमा नागरिक समाजको अवस्था दयनीय छ ।'[५]

भौतिकरूपमा जमघट भएर नागरिकका आवाज मुखर गर्ने अभियन्ताहरूले अहिले डिजिटल स्पेसमार्फत यस्तो एजेन्डा राख्ने गरेका पाइन्छ । मधेसमा बिभिन्न घटनाक्रममा आफ्नो धारणा सामाजिक सञ्जालमा राख्ने क्रम बढ्दो छ तर सामाजिक सञ्जालमा राखिने धारणाले समस्या सुल्झाउने भन्दा मधेसलाई झन् समस्याग्रस्त बनाउने गरेका छन् । जस्तो कि धार्मिक मामिलामा समाजसँगै नागरिक अगुवा पनि बाँडिने गरेका छन् । केही समययता मधेसमा हिन्दु-मुस्लिमबीच तनाव ल्याउने थुप्रै घटनाक्रम गराइएको छ । त्यसलाई शान्त पार्ने र अमनचयन कायम गर्नु भन्दा नागरिक समाजका अगुवाहरूले समाजिक सञ्जालमा आआफ्नो धार्मिक आस्थाका आधारमा घटनालाई झनै चर्काउने काम गरेका पाइन्छ ।

सामाजिक सञ्जालमा सक्रिय देखिने नागरिक अगुवा जानी खाँन मधेसीबीच धार्मिक दङ्गा गराउन केही तत्त्व उद्यत रहे पनि नागरिक समाज मौन बसेकामा आपत्ति जनाउँछन् । 'नागरिक समाज मुद्दा हेरेर मात्र बोल्छन् । आफ्नो अनुकूल छ भने बोल्छन् नभए सोध्दैनन् पनि,' उनले भने- 'जानकी मन्दिरमा लगाइएको टायलमा अनियमितता भएको मुद्दा मैले उठाउँदा मेरो धर्मसँग जोडेर सामाजिक सञ्जालमा मेरो खिल्ली उडाइयो । नागरिक अगुवा कुनै जात, धर्म र सम्प्रदायको हुन्छ कि समाजको ?'[६]

खाँनले नागरिक समाज मौन बस्दा न्यायका लागि पीडित काठमाडौँ जानुपर्ने र नेता, पार्टी तथा दलालमार्फत काम गर्नुपर्ने बिडम्वनापूर्ण अवस्था रहेकोसमेत बताए । उनले प्रश्न गरे- 'आरती साहको परिवार न्यायका लागि काठमाडौँ नै किन जानुपर्‍यो ?' नागरिक अगुवाले नबोलिदिँदा न्यायका लागि काठमाडौँ पुगेका आरतीको परिवारको निरन्तरको सङ्घर्षका कारण सरकारले छानबिन समिति बनाएको छ । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ९ थापा चोककी २२ वर्षिया आरतीको २०८० जेठ ७ गते घरमै रहस्यमय मृत्यु भएको थियो । दाइजोको निहुँमा आरतीलाई उनका पति मोती साह र ससुरा मदनमोहन साहलगायत घरका अन्य सदस्यह मिलेर यातना दिइ हत्या गरेका आरोप छ । धनुषा प्रहरीले सुरुमा आरतीको 'हत्या' लाई आत्महत्या भन्दै मुद्दा सल्टाउन खोज्यो तर आरतीको हत्या नै भएको दाबी गर्दै उनका पिता विनोद साह, बहिनी मनिषा साह र आमा निर्मलादेवी सङ्घर्षमा उत्रनुपर्‍यो । धनुषा प्रहरीले अटेरी गरेपछि आरतीको माइती पक्ष न्यायका लागि काठमाडौँ पुगे । माइतीघर मण्डलामा कैयौँ दिनसम्म उनीहरु धर्नामा बसे । धनुषा जिल्ला अदालतले आरतीको मुद्दामा उनका पति मोती साह र ससुरा मदनमोहन साहलाई पुर्पक्षका लागि कारागार पठाइदिएको छ । उच्च अदालत जनकपुरले भने जिल्ला अदालतको निर्णय उल्टाउँदै असोज १८, २०८० मा आरतीका पति मोती र ससुरा मदनमोहनलाई कारागार मुक्त गरिदियो । आरतीको माइती पक्षले काठमाडौँमा आफ्नो आन्दोलनलाई निरन्तरता दिएको छ । आरतीका बुवा विनोद साहले न्यायको सङ्घर्षमा उत्रँदा जनकपुरमा बोलिदिन कोही नआएपछि बाध्य भएर काठमाडौँ पुग्नुपरेको गुनासो गरे ।[७]

---

५ विष्णु कुँवरद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयोजना गरेको मधेसमा नागरिक समाजको अवस्था छलफल कार्यक्रममा व्यक्त विचार ।

६ जानी खाँनद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयोजना गरेको *मधेसमा नागरिक समाजको अवस्था* छलफल कार्यक्रममा व्यक्त विचार ।

७ विनोद साहसँग भदौ २०, २०८० मा गरिएको कुराकानीका आधारमा ।

दलित आन्दोलनका अगुवा विनोद महराले जनकपुरका नागरिक समाजको गतिविधि र भूमिका कमजोर बनेको बताए । जनकपुरका पत्रकार ध्रुवनारायण झा यहाँको नागरिक समाज गुनासो नगर्ने, नबोल्ने र नदेख्नेखालको रहेको धारणा व्यक्त गर्छन् । 'नागरिक समाज जागरूक भए जनकपुरमा गुठीको जग्गा संरक्षण हुन्थ्यो । जानकी मन्दिर ट्रस्टमा गइसकेको हुन्थ्यो तर यहाँका नागरिक समाजलाई यी मामिलामा सरोकार नै छैन । कुनै मतलबै छैन ।'[८]

त्यसो त जनकपुरको जनक चोकको डबलीमा नागरिक आवाज उठाउने काम ठप्पै भएकोचाहिँ छैन । मधेस प्रदेशको जनकपुर राजधानी बनेपछि यो डबलीमा यदाकादा धर्ना, अनशन र कोणसभा हुने क्रम जारी नै छ । तर जनकपुरका नागरिक समाज त्यहाँ भेला भएका मानिस बाहिरका हुन् भनेर उनीहरूको मुद्दामा खासै चासो देखाउँदैनन् । २०८० जेठ ३ गते नागरिक समाज नेपालको ब्यानरमा 'संस्थागत भ्रष्टाचारविरूद्ध नागरिक खबरदारी तथा भण्डाफोर कार्यक्रम' मा नेता रामरिझन यादवको नेतृत्वमा नक्कली भुटानी शरणार्थी काण्ड, वाइडबडी, हुलाकी मार्ग परियोजना घोटाला, मधेस प्रदेश सरकारको साइकल खरिद काण्डमा भएको भ्रष्टाचारबारे खबरदारी गर्न आयोजना गरिएको कार्यक्रममा जनकपुरका नागरिक अगुवा नै देखिएनन् ।

कानुन व्यवसायी राहुल झाका अनुसार जनकपुरमा सबै क्षेत्रमा व्यक्ति सक्रिय छन् तर तरङ्ग ल्याउन सकेका छैनन् । झाले सामाजिक अभियन्ता भनाउँदा धेरै भएका तर कामचाहिँ नभएको बताए ।[९] जनकपुरमा नागरिक समाजको अवश्यकता परेका बेला कोही देखा नपर्ने गरेको पनि उनले बताए । 'मधेसको नागरिक समाज मौन छ । एजेन्डाबिहीन छन्'– अधिवक्ता झाको दाबी छ ।

# नागरिक मुद्दामा मौन क्लब

जनकपुरमा मात्रै २ दर्जनको हाराहारीमा क्लब छन् । महावीर युवा कमिटी, राम युवा कमिटी, रामानन्द युवा क्लब, गणेश युवा कमिटी जनकपुरको नाम चलेका क्लब हुन् तर यहाँका क्लब नागरिक मुद्दामा बोल्दैनन् । नागरिकको आवाज लिएर सडकमा पनि आउँदैनन् । दसैँ, तिहार र छठ पर्वमा अत्यधिक सक्रिय हुने यहाँका क्लब अरु बेला भने मौन नै बस्छन् । व्यापार/व्यवसायमा सक्रिय युवाहरु बढी आबद्ध रहेका यहाँका क्लबले पदाधिकारी चयन, धार्मिक उत्सवका बेला मठ–मन्दिरको शृङ्गारपटार र राजनीतिक गतिविधि आवश्यक परेका बेला आफ्ना आस्थाअनुसार सक्रियता देखाउँछन् ।

नागरिक अभियन्ता अकबर अन्सारी जनकपुरमा क्लबहरूले उठाउन सक्ने नागरिकका सवाल थुप्रै रहेको बताउँछन् । जनकपुरको पैदलमार्ग व्यापारीले अतिक्रमण गरेका, हप्तौँसम्म फोहोर नउठेको, सवारी साधनले चर्को हर्न बजाउने गरेका, ट्राफिक व्यवस्थापनलगायतका विषयलाई उनले उदाहरणका रूपमा प्रस्तुत गरे ।[१०] 'नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने यस्ता मुद्दामा जनकपुरका क्लबहरु बोल्दैनन्,' अन्सारीले ११ साउनको कुराकानीमा भने– सरकारी कार्यालयमा सेवाग्राही दुःख पाउने र अतिरिक्त पैसा दिएपछि मात्रै काम हुने परिपाटी खुलेआम छ तर जनकपुरका क्लबहरु यस विषयमा कहिल्यै खबरदारी गर्दैनन् ।

राजनीतिक विश्लेषक रोशन जनकपुरी पनि जनकपुरका क्लबहरूले बाटो बिराएको बताउँछन् । 'नागरिकको मुद्दामा बोल्ने सबै भन्दा बलियो सङ्गठन क्लबहरु नै हो,' जनकपुरीले भने– 'तर जनकपुरका क्लबहरूले धार्मिक उत्सवलाई मात्रै आफ्नो काम बुझेका छन् । क्लब किन र केका लागि हो भन्ने बिर्सेको देखिन्छ ।' जनकपुरका क्लबहरु नागरिक मुद्दामा सडकमा आएका घटना बिरलै देखिन्छ ।[११]

---

८ बिनोद महरा र ध्रुवनारायण झाद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयो जना गरेको मधेसमा नागरिक समाजको अवस्था छलफल कार्यक्रममा व्यक्त बिचार ।

९ राहुल झाद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयोजना गरेको मधेसमा नागरिक समाजको अवस्था छलफल कार्यक्रममा व्यक्त बिचार ।

१० अकबर अन्सारीद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयोजना गरेका *मधेसमा नागरिक समाजको अवस्था* छलफल कार्यक्रममा व्यक्त विचार ।

११ रोशन जनकपुरीसँग भदौ १९, २०८० मा गरिएको कुराकानीका आधारमा ।

२०७७ असार २१ गते जनकपुरको बाहिरी इलाका कुर्थामा रहेको कुर्था युवा क्लबले एउटा हत्या प्रकरणमा भने जनकपुरमा प्रदर्शन गरेको देखिन्छ । कुर्थाको दुग्धमती नदीको डिलमा कञ्चनकुमारी पजियारको शव भेटिएपछि उनको हत्या भएको भन्दै कुर्था युवा क्लबले दोषीलाई कारबाहीको माग गर्दै प्रदर्शन गरेको थियो । क्लबका अध्यक्ष चन्द्रशेखर महासेठले घटनापछि प्रहरी अनुसन्धान गर्न पन्छिएको भन्दै दबाबका लागि प्रदर्शन गरिएको बताएका थिए ।[१२]

## सामाजिक सञ्जालमा नागरिक आवाज

मधेसमा एकतृत भएर सभा/सम्मेलन वा कोणसभामार्फत नागरिक समाजले आफ्ना कुरा राखेको घटना बिरलै देखिन्छ । पछिल्लो समय जनकपुरको जनक चोकको डबलीमा भूमि अधिकार तथा चुरे संरक्षण समितिमा आबद्ध व्यक्तिहरु लामो समयसम्म धर्नामा बसेका थिए । २०८० वैशाखको पहिलो सातादेखि थालिएको धर्ना करिव महिना दिनसम्मै चल्यो । उनीहरूको दुईटा माग थियो– पहिलो, भूमिहीनलाई जग्गाको बन्दोबस्त र दोस्रो, चुरेमा भइरहेको अनियन्त्रित दोहन नियन्त्रण ।

ठूलो समूहमा महिला/पुरुष दिनहुँ धर्नामा बस्ने र आफ्ना कुरा सुनाउन मधेस प्रदेश सरकारको मुख्यालय मधेस भवनतिर जाने कार्यक्रम थियो । सुरक्षाकर्मीले जनक चोकको डबलीमा बस्नबाट उनीहरूलाई रोकेनन् तर मधेस भवनतर्फ जाँदा भने निषेधाज्ञा भन्दै रोक्ने गरेको थियो । उनीहरूको माग सुनुवाइमा प्रदेश सरकारले खासै चासो नदेखाएपछि त्यो नागरिक आवाज यत्तिकै तुहिएको थियो । यस्तै, नागरिक अगुवा रामरिझन यादवको नेतृत्वमा २०८० जेठ ३ गते जनक चोककै डबलीमा नागरिक समाज नेपालको ब्यानरमा 'संस्थागत भ्रष्टाचारविरूद्ध नागरिक खबरदारी तथा भण्डाफोर कार्यक्रम' आयोजना गरिएको थियो । यो कार्यक्रममा पनि जनकपुरका नागरिक समाजले खासै चासो देखाएनन् ।

प्रदेशको राजधानी भएपछि जनकपुरमा बाहिरी जिल्लाबाट आफ्ना माग लिएर सभा/सम्मेलन र प्रदर्शन भइरहन्छ तर जनकपुरको नागरिक समाज त्यसमा चासो राख्दैनन् । किन ? जनकपुरको नागरिक समाज सुस्ताएकै हो ? प्रश्न उठ्छ । सामाजिक सञ्जाल फेसबुकमा सक्रिय नागरिक अगुवा सरोज मिश्रले साउनको अन्तिम साता जनकपुरको जानकी मन्दिरमा टाँगिएको मुख्य मन्त्री सरोजकुमार यादवको तस्बिर अङ्कित होडिङ बोर्ड च्यातिदिए र त्यसको तस्बिर र फुटेज फेसबुकमा राख्दै 'मन्दिर परिसरलाई फोहर बनाउने यस्ता होडिङ बोर्ड हामी सधैँ च्यातेर फ्याँकिदिनेछौँ' भनी लेखे । मिश्रको यो अभिव्यक्तिपछि सामाजिक सञ्जालमा फरक-फरक विचार आयो । जातीय, दलीय र धार्मिक आस्थाका आधारमा मिश्रको स्टाटसलाई धेरैजसोले आआफ्नो तरिकाले टिप्पणी र आलोचना गरेका थिए ।[१३]

नागरिक अगुवा जानी खाँनले जनकपुरको जानकी मन्दिरमा सौन्दर्यकरणका लागि लगाइएको मार्बलमा अनियमितता भएको र कमसल सामग्री प्रयोग गरिएको भन्दै सामाजिक सञ्जालमा धारणा राखेका थिए । खाँनको धारणालाई धार्मिकताको रङ्ग दिइयो । 'मुस्लिम समुदायको व्यक्ति भएर हिन्दु धार्मिक आस्था रहेको जानकी मन्दिरको बारेमा किन बोलेको' भन्दै खाँनको स्टाटसलाई सामाजिक सञ्जालमा खिल्ली उडाइएको थियो ।[१४] खाँनले भनेका थिए– सामाजिक सञ्जालमा इस्यु उठाउँदा त्यसलाई जातीय, दलीय र धार्मिक हिसाबले डाइभर्ट गर्ने गरिएको छ । जानकी मन्दिरको मार्बलमा समस्या छ भनेर बोल्दा मुस्लिम समुदायको मानिसले किन बोलेको भनेर मलाई दबाब आयो ।

जनकपुरका नागरिक अगुवाहरूले आफ्ना आवाज सामाजिक सञ्जालमार्फत राख्न भने छोडेका छैनन् तर भौतिक उपस्थितिमा दिइने दबाब भन्दा सामाजिक सञ्जालमार्फत थालिएको अभियान कमजोर देखिन्छ । नागरिक अगुवा खाँनका अनुसार ६ वर्षअघि जिल्ला प्रशासन कार्यालयले जनकपुरको तिरहुतिया गाछीमा

१२ चन्द्रशेखर महासेठसँग भदौ १९, २०८० मा गरिएको कुराकानीका आधारमा ।

१३ सरोज मिश्रद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयोजना गरेको *मधेसमा नागरिक समाजको अवस्था* छलफल कार्यक्रममा व्यक्त विचार ।

१४ जानी खाँनद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयोजना गरेको मधेसमा नागरिक समाजको अवस्था छलफल कार्यक्रममा व्यक्त विचार ।

नागरिक सुनुवाइ कार्यक्रम राखेको थियो तर त्यस कार्यक्रमका सहभागीले जिल्ला प्रशासन कार्यालयमै अनियमिमता रहेको, सेवाग्राहीलाई समस्या भइरहेको प्रसङ्ग कोट्याएपछि त्यसयता जनकपुरमा नागरिक सुनुवाई कार्यक्रम गरिएकै छैन । जनकपुरकी कलाकार पुष्पा यादवको गुनासो भने रोचक छ । यादवले टिकटक र फेसबुकमार्फत कलाकारमाथि भइरहेको दोषारोपणबारे पनि नागरिक समाजले बोल्नुपर्ने धारणा राखिन्- 'हामीलाई सामाजिक सञ्जालमा नचनियाँ-बजनियाँ (नाँच्ने/बजाउने) भन्छन् । हामी कलाकार हौँ । यो शब्दले हामीलाई दुखाउँछ', कलाकार यादवले भनिन्- श्रम गर्ने कलाकारलाई टिकटकले बिस्थापित गर्न खोजेको छ । हाम्रा लागि पनि नागरिक समाजले बोलिदिनुपर्छ ।'[१५]

तर जनकपुरमा सामाजिक सञ्जालमा आउने नागरिकका मुद्दालाई लिएर नागरिक अगुवा सडकमा आएका छैनन् । नागरिक अगुवा विष्णु कुँवरका अनुसार नागरिक समाजको भूमिका सडकमै दरिलो हुन्छ । 'नागरिक समाजको भूमिका परिवर्तन भएको देखिन्छ । डिजिटल माध्यममा बढी सक्रिय रहे पनि समाजको मुद्दामा सडकमा नउत्रिन दुःखद हो । यसले नागरिक समाजको मूल मन्त्रलाई कमजोर बनाएको छ'- कुँवरले भने ।[१६]

## नागरिक तहको विद्रोह

मधेसका नागरिक समाज राजनीतिक मुद्दामा बढी नै तरङ्गित हुन्छन् । त्यसको ठूलो उदाहरण मधेस जनविद्रोह हो । तत्कालीन अवस्थामा गैरसरकारी संस्थाको रूपमा रहेको मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले २०६३ माघ ४ गते अपराह्न काठमाडौँको माइतीघर मण्डलामा अन्तरिम संविधानको प्रतिलिपि जलाए । प्रहरीले यादवलाई पक्राउ गरेपछि मधेसमा नागरिक तहमै विद्रोह भयो । मानिस स्वःस्फूर्तरूपमा सडकमा निस्किए । नागरिक तहमा मधेसमा भएको यो नै ठूलो विद्रोह हो । मधेस विद्रोहकै फलस्वरूप राज्य समावेशी र सामेली बन्यो । नेपालले एकात्मक शासन व्यवस्था त्यागी सङ्घीय संरचना अपनायो । राज्यको हरेक तहमा मधेसी, आदिवासी-जनजाति, थारु, मुस्लिम र महिला समुदायको प्रतिनिधित्व र पहुँच बढेको छ । प्रत्यक्ष र समानुपातिक गरी मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ ।

नागरिक तहमै ठूलो प्रभाव परेकोमध्ये मधेसको अर्को घटना हो- मिटर ब्याजीविरूद्धको सङ्घर्ष । मिटर ब्याजले मधेसका समाज बढी नै आक्रान्त छन् । घर/जग्गा, धन/सम्पत्ति मात्रै होइन, सुदरखोरले इज्जतमै धावा बोलेपछि पछिल्लो समय मधेसमा मिटर ब्याजीविरूद्धको आवाज बुलन्द हुन थालेको छ । पीडित मात्र होइन, नागरिक समाजकै तहमा यसका विरूद्ध अभियान थालिएको छ । यसै क्रममा गत चैतमा १५ दिन पैदल हिँडेर पीडितहरु सङ्घीय राजधानी काठमाडौँ पुगेका थिए । फलस्वरूप सरकारले मिटर ब्याजसम्बन्धी अध्यादेश ल्यायो । पछि कानुन नै बनायो । अधिकार सम्पन्न छानबिन आयोग मात्र गठन गरेन, उक्त आयोगको कार्यालयसमेत जनकपुरमै राखिएको छ ।

पछिल्लो समय नेहा चौधरी र निहारिका राजपुतको सङ्घर्षलाई पनि नागरिक तहमा गरिएको विद्रोहकै रूपमा हेरिएको छ । महोत्तरीको औरही-१ की २२ वर्षीया नेहा चौधरी र रामगोपालपुर-५ का पङ्कज चौधरीबीच विवाह भएको थियो। ७ महिनापछि नेहाले फेसबुकमार्फत दाइजोका नाममा श्रीमान् र परिवारका अन्य सदस्यले आफूमाथि हिंसा गरिरहेको विवरण सार्वजनिक गरिन्। नेहाले श्रीमान् पङ्कज र परिवारका सदस्यविरूद्ध ४ वटा मुद्दा (घरेलु हिंसा, दाइजो, मानाचामल र अंश) हालिन् भने उनका श्रीमान्ले सम्बन्ध विच्छेदको मुद्दा दायर गरे । अदालतले नेहाको पक्षमा फैसला सुनाए पनि उनलाई घर प्रवेशमा रोक लगाइएको थियो ।

नेहालाई सुरक्षित साथ घरमा बस्न दिन माग गर्दै स्थानीय विद्यालयका विद्यार्थीले स्वःस्फूर्त जुलुस निकाले । त्यो जुलुसमा अरु पनि मिसिए। नेहाका श्रीमान् र परिवारका सदस्यलाई पक्राउ गर्न माग गर्दै निस्केको जुलुसमा प्रहरीले हवाई फायर नै गर्नुपरेको

१५ पुष्पा यादवद्वारा भदौ १३, २०८० मा सिएमआर नेपालले आयोजना गरेको *मधेसमा नागरिक समाजको अवस्था* छलफल कार्यक्रममा व्यक्त विचार ।

१६ विष्णु कुँवरद्वारा भदौ १३ भदौ २०८०, मा सिएमआर नेपालले आयोजना गरेको मधेसमा नागरिक समाजको अवस्था छलफल कार्यक्रममा व्यक्त विचार ।

थियो । त्यसपछि जुलुसका सहभागीले सडक अवरूद्ध गरे । नगरपालिका कार्यालयमा पनि तोडफोड भएको थियो । यस्तै, प्रेम सम्बन्धपछि बसेको गर्भबाट जन्मिएको बच्चा र प्रेमिका दुवैलाई अपनाउन नमानेपछि निहारिका राजपुत एक्लै विद्रोहमा उत्रिन् । उनलाई साथ दिन त्यो अभियानमा धेरै मिसिए । प्रेमी शिवराज श्रेष्ठविरूद्ध उनी कानुनी लडाइँ मात्र लडिनन्, बच्चालाई पिता र आफ्नो पति पाउनका लागि सङ्घर्ष गरिरहिन् । निहारिकाको निरन्तर सङ्घर्षकै कारण शिवराज उनीसित विवाह गर्न तयार भए । अहिले उनीहरु राजखुसी जीवन बिताइरहेका छन् ।

## सङ्घ-संस्था दर्तामा कानुनी अड्चन

नागरिक अधिकारबारे आवाज उठाउन संस्था गठन गरी वा समूह बनाइ त्यसबारे बोल्न र वकालत गर्ने अधिकार संविधानतः सुरक्षित छ तर प्रदेश सरकार सङ्गठितरुपमा उठेका यस्ता आवाज र क्रियाकलाप ऐनद्वारा नियन्त्रण गर्न अग्रसर देखिन्छ । मधेस प्रदेशले सामाजिक सस्था दर्तासम्बन्धी जारी गरेको ऐनमा भएको झन्झटिलो प्रावधान, दर्ता सम्बन्धमा तजबिजी अधिकारलगायतका प्रावधान राखेपछि यसको विरोध भयो ।

मधेस प्रदेशको संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा 'अन्य प्रदेशमा दर्ता भएका कुनै संस्थाले यस प्रदेशमा शाखा खोल्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी शाखा खोल्न सक्ने' व्यवस्था गरिएको छ । त्यस्तै 'आफ्नो कार्यक्षेत्र रहेको स्थानीय तहमा काम गर्न चाहेमा सो कुराको जानकारी स्थानीय तहलाई गराउनुपर्ने र स्थानीय तहले पनि त्यस्तो संस्थाको अभिलेख राख्नुपर्ने' व्यवस्था गरेको छ । मधेस प्रदेश सरकारले संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा '(संस्था दर्ताको लागि) निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा तोकिएबमोजिमको वर्गीकरणको आधारमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ' भन्ने उल्लेख छ ।

मधेस प्रदेशमा सङ्घ-संस्था दर्तामा तजविजी अधिकारले पनि समस्या ल्याएको छ । मधेस प्रदेशको कानुनमा पनि 'प्रदेश सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ' भन्ने उल्लेख छ । दफा १३ को उपदफा २ (ग) मा यस ऐनबमोजिम दर्ता भएका संस्थाले प्रदेश सरकारले दिएको निर्देशन पालना नगरेमा त्यस्तो संस्था खारेजसम्बन्धी कारबाहीका लागि संस्था दर्ता अधिकारीले समितिमा सिफारिस गर्न सक्ने व्यवस्था छ । सोही दफाको उपदफा (१ ग) मा 'यस ऐनबमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्यक्षेत्र भन्दा बाहिर गई कार्य गरे/गराएकोमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्ने' व्यवस्था पनि छ । मधेस प्रदेशको सामाजिक संस्था दर्तासम्बन्धी ऐनमा प्रस्तावनादेखि संस्था दर्ता प्रावधान (दफा ३), दर्तामा तजविजी अधिकार (दफा ४), सरकारी निर्देशन मान्नुपर्ने नमानेमा दर्ता खारेजी हुने (दफा १३), दण्ड सजायमा कडाइ (दफा ११) जस्ता प्रावधान आपत्तिजनक छन् ।[१७]

मधेस प्रदेशका स्थानीय सरकारहरूले पनि संस्था दर्ता ऐन ल्याएका छन् जुन उदार छैनन् । सेन्टर फर मिडिया रिसर्च नेपाल (सिएमआर-नेपाल) को पछिल्लो तथ्याङ्कअनुसार असार २०८० सम्ममा मधेस प्रदेशमा रहेका १ सय ३६ वटा स्थानीय तहमध्ये ५ वटामा सङ्घ/संस्था दर्तासम्बन्धी कानुन बनेको पाइन्छ ।[१८]

सङ्घीय सरकारले २०७६ सालमा ल्याएर विवाद भएपछि अघि नबढाएको सामाजिक संस्थाको स्थापना, दर्ता तथा सञ्चालनसम्बन्धी कानुनको संशोधन तथा एकीकरण गर्न ल्याइएको सामाजिक संस्था ऐन विधेयकका विवादित विषयहरु स्थानीय सरकारले ल्याएको सामाजिक संस्था दर्तासम्बन्धी ऐनमा समेटिएको छ । गैसस र अन्तर्राष्ट्रिय गैससहरूले केन्द्रदेखि स्थानीय सरकारसम्म दर्ता, अभिलेखीकरण र प्रगति विवरण बुझाउनुपर्ने प्रावधान होस् वा दर्ता गर्ने प्रक्रियामा स्थानीय अधिकारीको विवेक

१७ पाठक, तिलक र लेखनाथ पाण्डे । २०७९ । दबावमा नागरिक समाज । सेन्टर फर मिडिया रिसर्च नेपाल । https://research.butmedia.org/wp-content/uploads/2022/12/dababma_nagariksamaj_CMR.pdf

१८ सेन्टर फर मिडिया रिसर्च नेपाल । २०८० । स्थानीय तहमा मिडिया र संस्थासम्बन्धी बनेका कानुन । https://nepalpolicy.org/visualization/table-chart/

र तजविजीसम्बन्धी प्रावधानदेखि जरिवाना र नवीकरणमा झन्झटिला प्रावधान आफैँमा नियन्त्रणमुखी प्रावधान हुन् ।[१९]

प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क (२०७९) का अनुसार सामाजिक संस्थामाथिको हस्तक्षेप ३.४४ रहेको छ जुन समग्र ७ प्रदेशको औसत स्कोर भन्दा कम हो ।[२०]

नागरिक अगुवा विष्णु कुँवरका अनुसार सङ्घ/संस्था स्वायत्त हुन्छन् तर दर्ता गराउन जाँदा विधान केरमेट गर्ने, अनावश्यक कागजपत्र मागेर दुःख दिने काम भएको उनले बताए । कुँवरले आफ्नै नेतृत्वमा नेपाल बौद्धिक प्रतिष्ठान नामक संस्था दर्ता गराउन जाँदा जिल्ला प्रशासन कार्यालय धनुषाका कर्मचारीले यसको कार्यकाल २ वर्ष भन्दा बढी राख्न नमिल्ने भन्दै फर्काइदिए । कुँवरका अनुसार उनी त्यो समस्या लिएर प्रमुख जिल्ला अधिकारीकहाँ पुगे । प्रजिअसँग कुँवरको व्यक्तिगत सम्बन्धका कारण उनको संस्था जस्ताको त्यस्तै दर्ता गरियो । 'सरकारको अज्ञानता र कर्मचारीले नबुझ्दा सङ्घ/संस्था दर्तामा समस्या छ । सङ्घ/संस्थालाई संविधानले नै सङ्गठित र स्वतन्त्रताको अधिकार दिएको छ'- कुँवरले भने ।

नागरिक अधिकारबारे वकालत गर्ने मिडियालाई पनि प्रदेश सरकारले कानुन बनाएर कमजोर बनाउने प्रयास गरेको देखिन्छ । प्रदेश एफएम रेडियो र टेलिभिजन सञ्चालनसम्बन्धी ऐन २०७५ र प्रदेश सञ्चारसम्बन्धी ऐन २०७७ पारित भएको छ । यसका केही प्रावधानहरु प्रेस स्वतन्त्रता सङ्कुचित गर्न सक्ने किसिमका छन् । ऐनमा इजाजतपत्र रद्ध गर्न सक्ने, सामग्री प्रसारणमा रोक लगाउन सक्ने, प्रकाशन एवं प्रसारण र सम्प्रेषण गर्न नहुने र दण्ड तथा जरिवानाको व्यवस्था छ । सिएमआर नेपालको पछिल्लो तथ्याङ्कअनुसार २०८० असारसम्ममा मधेस प्रदेशमा रहेका १ सय ३६ वटा स्थानीय तहमध्ये १९ वटामा एफएम रेडियोसम्बन्धी कानुन बनेको पाइन्छ ।[२१] प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क (२०७९) का अनुसार मधेसमा मिडियामाथिको हस्तक्षेपको मात्रा ३.७८ छ जुन समग्र ७ प्रदेशको औसत स्कोर भन्दा ज्यादा हो ।[२२]

# निष्कर्ष

मधेसका नागरिक समाज मौन मात्र छैनन्, नागरिक मुद्दा पहिचान गर्नसमेत सकेका छैनन् । मधेसमा घरेलु हिंसा उच्च छ । कुरीतिले दिनदिनै प्रताडनाका घटना सार्वजनिक हुन्छ । शहर-बजार अव्यवस्थित छ । ट्राफिक व्यवस्थापन भद्रगोल छ । सडक च्यापेर पसल, टहरा र सवारी साधन राख्ने क्रम बढ्दो छ । छाडा चौपायाले शहरलाई लज्जित बनाएको छ । यी मुद्दामा नागरिक समाजको भूमिका अग्रणी हुनुपर्ने हो तर मधेसका नागरिक समाज यी मुद्दाबाट अनभिज्ञ देखिन्छ ।

सिएमआर नेपालले १३ भदौमा जनकपुरमा आयोजना गरेको नागरिक समाजको अवस्था अन्तरक्रिया कार्यक्रममा धेरैजसो सहभागीले मधेसको नागरिक समाज निद्रामा रहेको आक्षेप लगाए । दलीय, जातीय, धार्मिक र समाजिक परिवन्दका कारण नागरिक तहका आवाज सङ्कुचित भएको देखिन्छ । नागरिकको मुद्दामा अगुवा र मिडिया पनि विभाजित भएको देखिन्छ । नागरिक अगुवाले मिडियालाई र मिडियाले नागरिक समाजलाई आक्षेप लगाउने क्रम पनि बढ्दो छ । मिडियाले यसअघि नागरिकका मुद्दालाई जति स्थान दिन्थ्यो, त्यो अहिले नगरेको नागरिक अगुवाको आरोप छ । मिडियामा कार्यरत व्यक्तिहरुचाहिँ नागरिक समाज अहिले मुद्दा लिएर मिडियातिर आउनै छाडेको बताउँछन् । मधेसमा नागरिक समाजले आफ्नो अवस्था आफैँ कमजोर बनाएको देखिन्छ । दलीय आबद्धताले पनि नागरिक समाज कमजोर बनेको छ । नागरिक समाजप्रतिको आकर्षणमा पनि कमी आएको देखिन्छ । नागरिक समाजको भूमिका गौण र पलायन भइरहेको छ । राजनीतिक पहुँच बढाउन मधेसमा अभियन्ता बन्ने

१९ सेन्टर फर मिडिया रिसर्च नेपाल । जेठ २०७९ । स्थानीय तहमा संस्था दर्ता गर्न बनेका ऐनहरुको समीक्षा तथा सुझावहरु । नीतिपत्र शृङ्खला नं. २९ ।

२० पाठक, तिलक, ऋषिकेश दाहाल, भुवन केसी र उज्वल प्रजापति । २०७९ । प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क । सेन्टर फर मिडिया रिसर्च नेपाल । https://research.butmedia.org/wp-content/uploads/2022/12/Press_Civil_Freedom_Indicator_CMR.pdf

२१ सेन्टर फर मिडिया रिसर्च नेपाल । २०८० । स्थानीय तहमा मिडिया र संस्थासम्बन्धी बनेका कानुन । https://nepalpolicy.org/visualization/chart/

२२ पाठक, तिलक, ऋषिकेश दाहाल, भुवन केसी र उज्वल प्रजापति । २०७९ । प्रेस तथा नागरिक स्वतन्त्रता सूचकाङ्क । सेन्टर फर मिडिया रिसर्च नेपाल । https://research.butmedia.org/wp-content/uploads/2022/12/Press_Civil_Freedom_Indicator_CMR.pdf

र त्यसको बुइ चढेर आफ्नो अभीष्ट पूरा गर्ने अगुवाहरु भने बग्रेल्ती छन् । मधेसको नागरिक समाज आफैँमा परिवर्तन हुनुपर्ने धेरैजसो सर्वसाधारणको धारणा छ । पक्ष/विपक्ष नछुट्टयाएर नागरिक समाजले सर्वसाधारणका आवाज उठाउनुपर्छ । नागरिक समाज आफ्नो दायित्वबाट पन्छन मिल्दैन ।

मधेसमा पछिल्ला वर्षहरूमा धार्मिक दङ्गा गराउने तत्त्व सक्रिय छन् । २ वर्षयता हिन्दु-मुस्लिमबीच करिब दर्जन स्थानमा तनावको स्थिति बनिसकेको छ तर नागरिक समाज वा धार्मिक सङ्घ/संस्था यस्तो मामिलामा पनि आफ्नो धार्मिक आस्थाअनुसार वकालत गर्दा हिन्दु-मुस्लिमबीचको तनाव झन् बढ्दो छ । नागरिक तहमा धार्मिक सहिष्णुता कायम गर्न खासै पहलकदमी भएको देखिन्न । पहिला नागरिक समाजले घटनाको अनुसन्धान गर्थ्यो, त्यसलाई सार्वजनिक गर्थ्यो र दबाब सिर्जना गर्थ्यो तर अहिले नागरिक समाजले यी सबै काममा ध्यान दिएका छैनन् । अहिले नागरिक समाजका व्यक्तिहरु आआफना जातीय, धार्मिक र दलीय आस्था राखेर आलोचना गर्छन् । काम गर्ने व्यक्तिलाई निरूत्साहित गर्छन् । नागरिक खबरदारीमा उनीहरूको कुनै चासो छैन । मिडियामा पनि नागरिकको मुद्दामा जोडदार बहस र पैरवी भएको पाइन्न । प्रादेशिक र स्थानीय तहको सरकारले पनि नागरिक समाज र मिडियालाई ऐन/नियम र कानुन बनाएर सङ्कुचनमा पार्ने प्रयास गरेको देखिन्छ । यो अवस्थामा नागरिक आवाजका लागि नागरिक समाज प्रभावकारी हुनुको विकल्प छैन ।

सेन्टर फर मिडिया रिसर्च-नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org